# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जौहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८०/०८१
च. नं.:

मितिः २०८०/१२/०६

## आगलागी नियन्त्रण सचेतनाका लागि गाउँपालिकाको अनुरोध !!!

लामो समयदेखि अनावृष्ट भएको सबैलाई जानकारी छ ।सामान्य हेलचक्र्याइँका कारण वन जंगल तथा मानव वस्तीमा आगलागीका घटनाहरु दिन प्रतिदिन बढी रहेका छन आगलागी भएमा वन्यजन्तु तथा वन्यजन्तुको वासस्थान नासिने, मानव स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने, जनधनको क्षति हुने, ऐतिहासिक एवं धार्मिक संरचनामा क्षति पुग्न सक्ने र वन सम्पदामा ह्रास आउने हुँदा आगलागी तथा डढेलो लाग्न नदिन तपसिल बमोजिमका सुरक्षा सतर्कता अपनाउनु हुन सम्पूर्ण पालिकाबासी आम नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

तपसिल

१. मानव वस्ती तथा वन जंगल रहेको खुल्ला ठाउँमा आगो नफालौं ।

२. चुरोट, विडी सेवन नगरौं, सेवन गरेमा आगो सहितको ठुटा निभाएर मात्र फाल्ने गरौं ।

३. सलाई, लाईटर जस्ता आगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाको पहुँचबाट टाढा र सुरक्षित राखौं ।

४. पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र सावधानी पूर्वक प्रयोग गरौं ।

५. वन भोज लगायतका कार्यक्रम गर्दा आवश्यक सतर्कता अपनाऔं ।

६. वनमा भएका पात, पतिङ्गर तथा सोत्तर सफा गरी अग्नी रेखा निर्माण गरौं ।

७. खेतवारीमा काँडा लगायत अन्य बस्तुहरु पोल्ने नाउँमा जथाभावी आगो नलगाउँ यदि आगो बाल्नै परेमा विहान वा वेलुकाको समयमा हावा हुरी नलागेको अवस्थामा मात्र बालौं र काम नसकुन्जेल आगो लगाएको स्थान नछोडौं र निभाउँदा पानी हालेर राम्रोसँग निभाएर मात्र छाडौं ।

८. पानीका मुहान, पोखरी , दह तथा तालको सुरक्षा गरौं, आकस्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।

९. आगो निभाउदा पानी, माटो र स्याउलाको प्रयोग गरौं ।

१०. आफ्नो घर, गोठ वरपर रहेका आगो लाग्न सक्ने वस्तुहरु आजैबाट हटाऔं ।

**टिकाराम पाण्डे**
**अध्यक्ष**


इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np
फेसबुक पेजः-https://www.facebook.com/satyawatirmo

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

११.नजिकको वन क्षेत्रमा आगलागी भएमा आफ्नो जिउ ज्यानमा खतरा नहुने गरी आगो निभाउन सहयोग गरी आफ्नो कर्तव्य निभाऔं ।

१२.आगलागी भईहालेमा नजिकैको वडा कार्यालय, स्थानीय सुरक्षा निकाय,सत्यवती गाउँपालिका, गाउँ प्रहरी, सत्यवती गाउँपालिका (वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा) वा नजिकको प्रहरी चौकीमा तुरुन्त जानकारी गराऔं ।

पुनश्च: वनमा आगो लगाउनु अपराध हो, कसैले व्यक्तिगत मनसाय राखी आगो लगाएको पाईएमा वन ऐन, २०७६ को दफा ४९ को खण्ड (घ) अन्तर्गत कसुर गर्ने व्यक्तिलाई ३ वर्ष सम्म कैद वा ६० हजार जरिवाना वा दुबै सजाय हुने व्यहोरा समेत जानकारी गराउदछौं साथै नियतवस वा जानीजानी कोही कसैले आगलागी गराएको सूचना दिने व्यक्तिलाई गाउँपालिकाले उचित पुरस्कार समेत दिने छ ।

<u>**सम्पर्कका लागि:**</u>

*ईलाका प्रहरी कार्यालय, जोहाङ्ग ९८६८१७२०१८ वा गाउँ प्रहरी ९८४७२७१९८६ वा अध्यक्ष ९८५७०२०२७४ वा उपाध्यक्ष ९८४७०९२४७६ वा प्रमुख प्रशासकीय अधिकृत ९८५७०६७९०३ वा वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा ९८४४७४७५२० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

"वन जंगल तपाई हामी सबैको साझा सम्पति हो, त्यसैले गाउँ टोलमा आगलागी तथा वन डढेलोको रोकथाम बारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं ।"

उपाध्यक्ष
निरमाया तराम
**निरमाया तरामु**
**उपाध्यक्ष**

अध्यक्ष
टिकाराम पाण्डे
**टिकाराम पाण्डे**
**अध्यक्ष**